# वातावरण व्यवस्थापन रूपरेखा

# र

# सामाजिक व्यवस्थापन रूपरेखा

# को

# सारांश

## (नेपाली अनौपचारिक भावनुवाद)

नेपाल: विद्यालय क्षेत्र विकास योजना

**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## १. परिचय

### १.१ पृष्ठभूमि

नेपाल सरकारले सबैका लागि समतामूलक र गुणस्तरीय शिक्षामा पहुँच कायम गर्न महत्वपुर्ण कार्यक्रमका रुपमा "विद्यालय क्षेत्र विकास योजना -School Sector Development Program (SSDP) (२०१६-२०२३)" कार्यान्वयन गरेको छ । SSDP नेपाल सरकार र संयुक्त वित्तीय सहयोगी संस्थाहरुको एउटा समन्वयात्मक कार्यक्रम हो । हाल यस कार्यक्रमले शैक्षिक सुधारमा जोड दिनुका साथै देश विकासका आवश्यकतालाई महत्व दिएको छ । SSDP ले नेपाल सरकारको २०७२ सालको विनाशकारी भूकम्पपछि शिक्षा क्षेत्रमा भएको गम्भीर क्षतिलाई पुनरुत्थान गर्ने रणनीतिलाई समेत सहयोग गर्दछ । त्यसकारण SSDP को कार्यमूलक रणनीति मध्य एक विद्यालय भवनहरुको निर्माण तथा पुनं निर्माण र प्रबलीकरण (retrofitting) पनि रहेको छ । यसले विद्यालयका भवनहरु भूकम्प प्रतिरोधी, वातावरण मैत्री तथा बालमैत्री छन् (विशेष गरी अपाङ्ग, आदिवासी जनजाति, जोखिमपूर्ण समूहमैत्री) भन्ने निश्चित गर्दछ । यसका साथै विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणको समेत वकालत गर्दछ ।

SSDP मा मुख्यत वातावरणीय तथा सामाजिक सुरक्षाका सवालहरु र विद्यालयहरुका भौतिक पूर्वाधार निर्माण कार्यहरु (जस्तै विद्यालय भवन वा कक्षाकोठा निर्माण अथवा सरसफाइ÷खानेपानीका सुविधाहरुको मर्मत सम्भार वा व्यवस्थापन) गर्दा पर्न सक्ने सम्भावित असरहरु कसरी समाधान गर्ने भन्ने कुरालाई जोड दिएको छ । SSDP अन्तर्गतका कार्यक्रमहरुले वातावरणमा प्रतिकूल असर पार्ने वा सामाजमा जोखिम बढाउन हुदैन । SSDP अन्तर्गत कुनै पनि आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक जोखिमलाई सम्बोधन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रले "**वातावरण व्यवस्थापन रुपरेखा** (Environmental Management Framework {EMF})" र "**सामाजिक व्यवस्थापन रुपरेखा** (Social Management Framework {SMF}) २०७६" तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

SSDP अन्तर्गत कुनै पनि आयोजना कार्यान्वयन गर्दा अदिवासी जनजाति र जोखिमपूर्ण समुदायको शिक्षामा पहुँच अभिवृद्धि, समता, समानता र गुणस्तरीय तथा दिगो शिक्षा प्रणलीको विकास गर्ने र त्यस्ता समूहहरुलाई नकारात्मक असर नपर्ने गरी निर्माण कार्य अगाढि बढाउन SMF ले निश्चित गर्दछ । SSDP अन्तर्गत भौतिक निर्माणका कुनै पनि आयोजना तथा कृयाकलापहरु कार्यान्वयन गर्दा हुन सक्ने वातावरणीय जोखिम वा असरहरु पहिचान गर्ने, अध्ययन गरी रेकर्ड राख्ने, न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने र ती कार्यहरु भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने नियम तथा निर्देशिका र जिम्मेवारीहरु आदिका बारेमा EMF ले मार्गदर्शन गर्दछ ।

### १.२ EMF तथा SMF का उद्देश्यहरु

- नेपालका आफ्ना नीति नियमहरु र दातृ संस्थाका सुरक्षा (Safeguard) नीतिअनुसार SSDP का कार्यक्रमहरुमा वातावरणीय तथा सामाजिक सुरक्षाका उपायहरुको पहिचान गरी व्यवस्था गर्ने ।
- सम्बन्धित संघ संस्थाहरुलाई वातावरणीय र सामाजिक जोखिम छ छैन भनी छनौट प्रक्रियामा वातावरणीय तथा सामाजिक परीक्षण (screening) गर्न र प्रभावका अधारमा वर्गीकरण गर्न निर्देशन दिने ।
- अनिवार्य रुपमा वातावरणीय तथा सामाजिक अध्ययन (Assessment) गर्ने ।
- आयोजना कार्यान्वयन गर्दा सम्भावित वातावरणीय र सामाजिक प्रभाव निश्चित गर्ने र न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने ।
- EMF र SMF कार्यान्वयन भए नभएको अनुगमन गर्न र अनुगमन प्रतिवेदन तयार गर्दा प्रभावित व्यक्ति वा सरोकारवाला संस्थालाई नियमित सम्पर्क गर्न आवश्यक संस्थागत व्यवस्था गर्ने ।

## २. सामान्य सिद्धान्त र कार्य योजना

### २.१ EMF का लागि

वातावरणीय समस्याहरु व्यवस्थापन गर्ने सम्बन्धी केही सामान्य सिद्धान्तहरु निम्नअनुसार छन् :

- सम्बन्धित कार्यकारी निकाय र आयोजना कार्यन्वयन गर्ने निकायहरु वातावरणमैत्री कार्य गर्न पूर्ण रुपले जिम्मेवार हुने छन् ।
- **EMF** लाई कार्यक्रम कार्यान्वयन पुस्तिकामार्फत सार्वजनिक गर्ने र नियमित अभिमुखीकरण कार्यक्रम मार्फत **EMF** को जानकारी गराउनु पर्दछ ।
- वातावरणमा प्रतिकूल असर पर्न नदिन SSDP अन्तर्गतका भौतिक पूर्वाधार निर्माणका कार्यहरु गर्नुअघि **EMF** मा दिएको वातावरणीय तथा सामाजिक छनौट फारम (screening checklist) भर्नु पर्दछ ।
- परीक्षण फारम (screening checklist) को निस्कर्ष अनुसार नै वातावरण जोखिम सम्बोधन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय व्यवस्थापन योजना (Due Diligence Report) वनाउनु पर्ने वा नपर्ने निश्चित गर्दछ ।
- विद्यालयले विद्यालय सुधार योजना तयार गर्दा **EMF** का कुराहरु समावेश गर्नु पर्ने हुन्छ ।
- योजना बनाउँदा, डिजाइन तयार गर्दा र contract document तयार गर्दा वातावरणीय छनौट फारम र EMF का सुझावहरु समावेश गरिने छन् ।

- **EMF** का सुझावअनुसार नियमित अनुगमन गर्नु पर्ने हुन्छ ।
- **EMF** का सुझावअनुसार सरोकारवालासँग नियमित सम्पर्क, परामर्श तथा तिनीहरुको सहभागिता सुनिश्चित गर्ने र प्रभावकारी गुनासो सुनवाई व्यवस्था कायम हुनु पर्दछ ।

### २.२ SMF का लागि

सामाजिक व्यवस्थापनका सामान्य सिद्धान्तहरु तपसिलअनुसार हुने छन् :

- सामाजिक विपत न्यूनीकरण सम्बन्धी कुराहरु कडाइकासाथ लागु गर्न कार्यकारी निकाय र आयोजना कार्यान्वयन गर्ने निकायहरु पूर्णरुपले जिम्मेवार हुने छन् ।
- कार्यक्रम कार्यान्वयन पुस्तिकामार्फत **SMF** सार्वजनिक गरिने छ र त्यस सम्बन्धी नियमित अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- निर्माण कार्य गर्दा सामाजिक जोखिम हुन नदिन् SSDP अन्तर्गत निर्माणहुने भौतिक पूर्वधार निर्माणका कार्यहरु गर्न अघि **SMF** मा दिएको वातावरणीय तथा सामाजिक छनौट फारम भर्नु पर्दछ । यो छनौट फारमले आयोजनामा आदिवासी जनजाति विकास योजना (Indigenous Peoples Development Plan) / जोखिमपुण समुदाय विकास आयोजना (Vulnerable community development plan) वनाउनु पर्ने वा नपर्ने निर्धारण गर्नु पर्दछ ।
- Social Mapping र Household Survey बाट प्राप्त लैङ्गिक, दलित, अदिबासी जनजाति र अशक्त विद्यार्थी र शिक्षकहरुको तथ्याँङ्क Education Management Information System (EMIS) मा अपडेट गरिने छ ।
- उचित मुआब्जा बेगर आदिवासी जनजाति तथा जोखिमपूर्ण समुदायको जग्गा प्राप्त गरिने वा विस्थापन गरिने छैन ।
- जोखिमपुर्ण समुदाय आदिवासी जनजातिमा पर्ने सबैखाले नकारात्मक असरहरु उनीहरुका धर्म संस्कृतिलाई असर नपर्ने गरी समाधान गरिने छ ।
- आदिवासी जनजातिको प्राकृतिक स्रोतसँगको पहुँच, साँस्कृतिक क्षेत्र र पैतृक सम्पतिमा असर गरिने छैन ।
- Education Management Information System मार्फत नियमित अनुगमन गरिने छ, । त्यसै गरी Scholarship Management Guidelines 2074 ले जोखिमपूर्ण तथा आदिवासी जनजाति विद्यार्थीहरुलाई दिने छात्रवृति अनुगमन गर्नु पर्ने हुन्छ ।
- **SMF** मा दिएअनुसार सरोकारवालासँग नियमित सम्पर्क तथा परामर्श गर्ने, उनीहरुको सहभागिता बढाउने र गुनासो सुनुवाई गर्ने व्यवस्था हुनु पर्दछ ।

## ३. सम्भावित वातावरणीय र सामाजिक प्रभावहरु

विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण SSDP को एउटा मुख्य लक्ष्य हो । अधिकांश विद्यालयका निर्माण कार्य विद्यालय परिसरभित्रै सीमित हुने हुनाले प्रतिकूल वातावरणीय तथा सामाजिक प्रभाव कल्पना गरिएको छैन ।

### ३.१ सकारात्मक प्रभावहरु

SSDP अन्तर्गतका आयोजनाहरु व्यवस्थित रुपमा कार्यान्वयन गरिने हुनाले सकारात्मक प्रभाव मात्र अपेक्षा गरिएको छ । त्यसैगरी SSDP को नीतिले शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्ने र समानता तथा समताको नीतिले गर्दा विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण (विशेष गरी कक्षाकोठा र अरु सुविधाका पूर्वाधारहरु), कार्यले स्वस्थ र सुरक्षित विद्यालय वातावरण निर्माण गर्ने हुनाले सकारात्मक प्रभावको मात्र अपेक्षा गरेको छ । विद्यालय निर्माण कार्यले स्थानीयलाई रोजगारीको अवसरसमेत प्रदान गर्ने छ । विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गर्नका साथै व्यवस्थापन क्षमता बढाउनमा सहयोग पुऱ्याउने छ । त्यसैगरी अदिवासी जनजाति र जोखिमपूर्ण समुदायहरुको शिक्षामा पहुँच अभिवृद्धि गरी गुणस्तरीय शिक्षा प्रणलीको विकास गर्नाका साथै दिगोपनमा बढावा दिनेछ । आदिवासी जनजातिलाई नकारात्मक प्रभाव पर्न नदिन सुनिश्चित गर्नेछ । अदिवासी जनजाति र जोखिमपूर्ण समुदायहरुको शिक्षामा समान सहभागिता बढाउनाका साथै उनीहरुको जग्गा अधिग्रहण र विस्थापन गर्न नहुने भनी SSDP ले नै निर्दिष्ट गरेको छ ।

### ३.२ नकारात्मक प्रभावहरु

नेपालमा सार्वजनिक विद्यालयहरु समुदाय स्तरवाट स्थापना भएका हुनाले यस आयोजनामा जग्गा प्राप्तिका लागि आर्थिक व्यवस्थापन गरिएको छैन । निर्माणका कार्य विद्यालय परिसरभित्र मात्र सीमित हुने भएता पनि निर्माण कार्यले वरिपरिको वातावरणमा केही न केही नकारात्मक असर पार्ने छ जसमध्ये केही निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- भिरालो जग्गामा विद्यालय निर्माण गर्दा पहिरो वा भूक्षयको जोखिम,
- निर्माण क्षेत्र आसपासका कृषि योग्य जमिन र बोट बिरुवा तथा वनमा असर,
- खोला खोल्सीको पानीको बहावमा अवरोध भै पानी जम्ने समस्या देखिनु,
- पिउने पानी आपूर्तिमा अवरोध हुनु र पर्याप्त शुद्ध पिउने पानीको अभाव हुनु एवं सरसफाइमा अवरोध,
- पानीका कारण उत्पन्न हुने रोगहरुको वृद्धि,
- संरक्षित क्षेत्रमा अतिक्रमणले गर्दा वन्यजन्तु र तिनको वासस्थानमा असर,
- वनक्षेत्रबाट काठपात निकासी भै उजाडिँदा जव्वजन्तुको वासस्थान लोप हुनु,
- निर्माण स्थलमा धुलो र ध्वनि उत्पन्न भै स्थानीय वातावरणमा प्रदूषण बढ्नु,

- ठोस तथा खतरनाक फोहरहरुको उचित व्यवस्थापन नहुनु, र
- निर्माण स्थलमा व्यक्तिगत सुरक्षा कवच (मास्क, पन्जा, हेलमेट, चस्मा, सुरक्षित पोसाक र आवश्यक उपकरणहरु) को अभाव हनु, आदि ।

## ४. नियमित सम्पर्क तथा जानकारी, सार्वजनिकीकरण र गुनासो सुनुवाइ व्यवस्था

नेपालका सार्वजनिक विद्यालयहरु स्थानीयकै सहयोग तथा सहभागितामा स्थापना हुने गरेका छन् । तसर्थ यस आयोजनाअन्तर्गत कार्यक्रमहरु कार्यान्वयन गर्दा पर्न सक्ने नकारात्मक असरहरुका बारेमा स्थानीयहरुको चासो रहने अपेक्षा गरिएको छ । यद्यपि, आयोजना कार्यन्वयन गर्दा नियमित सम्पर्क तथा छलफल, आयोजनाको जानकारी तथा प्रभावकारी गुनासो सुनुवाईको व्यवस्था अनिवार्य गरिएको छ ।

आयोजना कार्यान्वयन गर्दा प्रभावित व्यक्ति, समूह वा समुदाय र विद्यार्थीहरुका गुनासाहरु छिटो र पारदर्शी ढङ्गले समाधान गर्न **शिक्षा तथा मानव स्रोत विकास केन्द्र**ले गुनासो सुनुवाई कार्यविधि २०७४ लागु गरेको छ । यस कार्यविधिअनुसार विद्यालय परिसरमा गुनासो बक्सको व्यवस्था गर्नु पर्ने र सो बक्स सबैको सहज पहुँच हुने गरी सुरक्षित स्थानमा राख्नु पर्ने हुन्छ । विद्यार्थीहरु वा जो कोहीले पनि आफ्नो परिचय नखुलाई गुनासो दर्ज गर्न पाउने छन् । विद्यालयमा गुनासो समाधान गर्न गुनाशो सुनुवाई समिति अनिवार्य गरिएको छ (विस्तृत जानकारीका लागि SMF र EMF हेर्नुहोस्) ।

## ५.EMF र SMF कार्यान्वयन का लागि संस्थागत व्यवस्था, भूमिका र जिम्मेवारी

SSDP अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्ने कार्यकारी निकाय **शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय** हुने छ भने **शिक्षा तथा मानव स्रोत विकास केन्द्र**ले संघीय स्तरमा कार्यक्रमहरु कार्यान्वयन गर्ने छ । **शिक्षा विकास निर्देशनालय**ले प्रदेश स्तरमा, **शिक्षा विकास तथा समन्वय एकाइले** जिल्ला स्तरमा र **पूर्वाधार विकास तथा वातावरण विकास शाखा**ले स्थानीय स्तरमा कार्यक्रमहरु कार्यन्वयन गर्ने छन् । त्यसैगरी स्थानीय स्तरमा **विद्यालय व्यवस्थापन समिती** र **अभिभावक शिक्षक संघ** समेत कार्यक्रम कार्यन्वयन गर्न पूर्ण रुपले जिम्मेवार हुने छन् । कार्यकारी निकाय र कार्यन्वयन निकायहरुले EMF and SMF का प्रावधानहरु तथा सम्भावित खर्च Bidding Document तथा Bill of Quantity मा स्पष्ट रुपमा खुलाउनु पर्ने हुन्छ ।

## ६. क्षमता अभिबृद्धि

सफलतापूर्वक EMF and SMF कार्यान्वयन गर्नका लागि विभिन्न तहमा (संघीय, प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा प्रध्यानाध्यापक र विद्यालयव्यवस्थापन समिति समेतलाई) क्षमता अभिवृद्धि गर्न जरुरी छ । क्षमता अभिवृद्धिका लागि तपसिल बमोजिमका कार्यहरु गर्न जरुरी छ :

१. आवश्यक जनशक्ति (वातावरणविद् र समाजशास्त्री) को व्यवस्था गर्ने ।

२. विद्यालय तथा सम्बन्धित अन्य भौतिक पूर्वाधार योजना कार्यान्वयन र व्यवस्थापनका लागि अभिमुखीकरण तालिम र सचेतनामूलक कार्यक्रमहरु  सञ्चालन गर्ने ।

३. विद्यालयमा वातावरणीय सेवा सुविधाहरुको पहुँच अभिवृद्धि गर्ने (जस्तै गुणस्तरिय पिउने पानी, हरियाली, हावापानी अनुकूल विद्यालय भवन, आदि) र समावेशी शिक्षा नीति पालना गर्ने, कार्यान्वयन निकाय बिचमा समन्वय र व्यवस्थापनसम्बन्धी अभिमुखीकरण र प्रशिक्षण बढाउनु पर्दछ ।

## ७. अनुगमन र प्रतिवेदन तयार गर्ने

माथि उल्लेखित गरिएका कार्यकारी निकाय र कार्यन्वयन गर्ने निकायहरुले SMF र EMF का प्रावधानअनुसारका कार्यहरु  भए नभएको नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

(यस नेपाली सारांशले EMF र SMF का सम्पूर्ण प्रावधानहरु उल्लेखित गर्न नसक्ने हुनाले विस्तृत जानकारीका लागि EMF र SMF हेर्न हुन अनुरोध गरिन्छ ।)